# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE


पत्र संख्या:-
Ref. No.
चलानी नं:-

मिति: २०८३।०३।१८
Date:

### भर्ना सम्बन्धी आवश्यक निर्देशन :-

१. यस संकायबाट मिति २०८२।१२।२७ गते प्रकाशित शैक्षिक सत्र ०८२।०८३ मा भर्ना गर्नका लागि ३ वर्षे स्नातक (एलएल.बी.) तहको प्रवेश परीक्षा २०८३ को नतिजा उपर परेको गुनासो तथा निवेदन उपर छानविन गर्दा प्राप्ताङ्कमा कुनै फेरवदल नभएकोले सोही नतिजालाई अन्तिम नतिजा मानी आरक्षीत कोटा सहित सम्बन्धित क्याम्पसले **मिति २०८३ साल आषाढ १९ गतेदेखि** निर्धारित सिट संख्यामा भर्नाका लागि प्रथम सूचि सहितको **१४ दिने** म्याद तोकी मिति **२०८३।०३।३२ गतेसम्म** भर्ना सूचना आवह्रन गर्नुपर्नेछ ।

२. प्रथम सूची अनुसार भर्ना हुन नआई स्थान रिक्त हुन आएमा योग्यताक्रम अनुसार भर्नाको **लागि ३/३ दिनको म्याद** दिई आवश्यता अनुसार क्रमशः दोश्रो तथा तेश्रो सूची सूचना प्रकाशित गर्नुपर्ने छ । कुनै क्याम्पसमा तोकिएको स्थानमा विद्यार्थी भर्ना नभई रिक्त हुन आएमा अन्य क्याम्पसमा नाम प्रकाशित भएका विद्यार्थीहरुबाट भर्नाको लागि निवेदन माग गर्दा निवेदकहरुको योग्यताक्रम अनुसार भर्ना लिनु पर्नेछ । उपरोक्त बमोजिमको सम्पूर्ण भर्ना प्रकृया **मिति २०८३ साल श्रावण १४ गते भित्र** सम्पन्न गरी सक्नु पर्नेछ ।

३. रिक्त स्थानमा फरक क्याम्पसका विद्यार्थीको समान अंक सहित भर्नाका लागि निवेदन प्राप्त भएमा स्नातक तहमा प्राप्त प्राप्ताङ्क बढी भएको विद्यार्थीलाई प्राथमिकता दिई भर्ना गर्नुपर्नेछ । यदी स्नातक तहको पनि समान प्राप्ताङ्क भएमा +2 वा सो सरहको प्राप्ताङ्कका आधारमा बढि प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीलाई भर्ना गर्नुपर्नेछ ।

४. **शैक्षिक सत्र ०८२।०८३ का लागि ३ वर्षे स्नातक (एलएल.वी.) तहमा** भर्ना भएका विद्यार्थीहरुको नियमित कक्षा **मिति २०८३ साल श्रावण १५ गते शुक्रवार देखि अनिवार्य रुपमा संचालन** गर्नुपर्नेछ ।

५. यदी कुनै क्याम्पसमा तोकिएको सिट संख्यामा विद्यार्थी भर्ना नभई रिक्त हुन आएमा अन्य क्याम्पसमा नाम प्रकाशित भएका विद्यार्थीहरुले भर्नाको लागि निवेदन दिन सक्ने गरी सम्बन्धित क्याम्पसले सूचना प्रकाशित गर्नुपर्ने भएमा सो सूचना समेत त्रि.वि.कानून संकाय डीनको कार्यालयमा अबिलम्ब पठाउनु पर्नेछ ।


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय
FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

मितिः २०८३।०३।१८
Date:

पत्र संख्याः-
Ref. No.
चलानी नं:-

६. रिक्त स्थानमा फरक क्याम्पसका विद्यार्थीको समान अंक सहित निवेदन प्राप्त भएमा स्नातक तहमा प्राप्त प्राप्ताङ्क बढी भएको विद्यार्थीलाई प्राथमीकता दिई भर्ना गर्नुपर्नेछ। यदि स्नातक तहको पनि समान प्राप्ताङ्क भएमा +2 वा सो सरहको प्राप्ताङ्कका आधारमा बढि प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीलाई भर्ना गर्नुपर्नेछ।

७. **सम्बन्धित क्याम्पसमा रिक्त हुन आएको सिट संख्याको जानकारी र उक्त सिटका लागि आवेदन दिने अन्य क्याम्पसका परीक्षार्थीहरुको निवेदन र बिबरण समेत भर्ना हुनु पूर्व नै यस संकायमा जानकारी गराई भर्ना गराउनु पर्नेछ।**

८. विद्यार्थी भर्नाका लागि प्रकाशित सूचनाहरु अबिलम्ब यस संकायको इमेल ठेगाना admin@fol.tu.edu.np मार्फत यस संकायमा जानकारी गराउनु पर्नेछ।

९. सम्बन्धित क्याम्पसले भर्नाका लागि सूचना प्रकाशित गर्दा प्रवेश परीक्षामा उर्त्तिण भएका योग्यताक्रम अनुसारको विद्यार्थीहरुसंग नागरिक्ता, शैक्षिक योग्यताको प्रमाणित प्रमाण-पत्रहरु र त्रि.वि.भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले समकक्षता प्रमाण-पत्र (Equivalence Certificate ), Migration Certificate लगायत आरक्षण कोटासंग सम्बन्धित आवश्यक कागजातहरु समेत पेश गर्नेगरी सूचना प्रकाशित गर्नुपर्नेछ।

१०. सम्बन्धित क्याम्पसहरुले प्राप्त हुन आएका निवेदनहरुबाट भर्नाका लागि **योग्यताक्रम (Merit List)** प्रकाशित गर्दा सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडी नै तत्काल कानून संकाय,डीनको कार्यालयमा जानकारी गराउनु पर्नेछ।

११. कुनै क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीनको कार्यालयलाई प्राप्त हुन अएमा छानविन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ। छानविनबाट नियम विपरीत भर्ना भएमा/गरेको पुष्टि भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ। यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाको लागि डीन कार्यालयले निर्देशन दिनेछ। भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नुपर्ने छ।

१२. यो नतिजा नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा उपलब्ध गराइने छात्रवृत्तिको प्रयोजनका लागि समेत लागु हुनेछ।

Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय
FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE


पत्र संख्याः-
Ref. No.
चलानी नं:-

मितिः २०८३।०३।१८
Date:

१३. मिति २०८३।०३।१४ गते प्रकाशित नतिजा सम्बन्धित सूचना कानून संकायको Website www.fol.edu.np वा fol.tu.edu.np मा समेत हेर्न सकिनेछ ।

## आरक्षण कोटा भर्ना गर्दा निम्नानुसार गर्नुपर्ने :

- आदिवासी/जनजाति विद्यार्थीका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकता क्रमको टप टु बटमको आधारमा ।
- मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसी भन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थी मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यको उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।
- भर्ना हुनका लागि पेश गरिएका शैक्षिक योग्यता लगायतका प्रमाणपत्रहरु तथा सिफारिस-पत्रहरु नक्कली भएको ठहरिएमा वा पेश गर्नुपर्ने प्रमाण-पत्र पेश नभई वा योग्यताक्रम अनुरुप भर्ना भएको नपाईएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।
- विभिन्न वर्गका विद्यार्थीहरुको लागि छुट्टयाइएको सिटमा प्रवेश परीक्षाको न्यूनतम ४०% (चालीस प्रतिशत) अंक प्राप्त नगरेमा वा सो वर्गका विद्यार्थीहरु भर्ना नभई कुनै सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट भर्ना लिनु पर्नेछ ।
- तोकिएको मिति भित्र कुनै विद्यार्थी भर्ना नभई सिट खाली हुन आएमा क्रमशः योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट भर्ना लिनु पर्नेछ ।

प्रा.डा.डि.एन.पराजुली
डिन
कानून संकाय त्रि.वि.


Phone No.: +977-5326586, 5330516, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np, Website: fol.tu.edu.np